# नेपाल पत्रकार महासंघ

केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं

मिति : २०७६/०९/१५

## सन् २०१९ मा प्रेस स्वतन्त्रताको अवस्था

सन् २०१९ नेपाली पत्रकारिता क्षेत्रका लागि सुखद् रहेन । नेपाल पत्रकार महासंघको सञ्चार अनुगमन इकाईमा अभिलेख भएअनुसार सन् २०१९ मा प्रेस स्वतन्त्रता हननका ५० वटा घटना भएका छन् । जसमा ७६ जना पत्रकार र एक सञ्चार संस्था पीडित भएका छन् । यो अवधिमै मकवानपुरका पत्रकार मनोहर ढकालको हत्या भएको अनुगमन इकाईमा अभिलेख छ । अभिलेखअनुसार पत्रकार आक्रमणका १५ वटा घटनामा १७ जना पत्रकार तथा एक सञ्चारसंस्था पीडित भएका छन् भने ११ जना पत्रकारमाथि दुर्व्यवहार भयो । १० वटा धम्कीका घटना भए भने ७ जना पत्रकारलाई पक्राउ गरी मुद्दा चलाइएको थियो । यस्तै अल्पकालिन पत्रकार पक्राउका ३ वटा घटना भएकामा १९ जना पत्रकार पीडित भए भने पत्रकारको पेशागत असुरक्षाको १, पेशावाट विस्थापन १ र समाचार संकलनमा अवरोधको १ वटा घटना भएको छ ।

सन् २०१८ मा प्रेस स्वतन्त्रता हननका ५८ वटा घटनाहरु भएका थिए । तुलनात्मक रूपमा पनि यो वर्ष प्रेसका लागि चुनौतीपूर्ण रह्यो । यो वर्ष स्वतन्त्रता हननका घटनाहरुमा कमि आएको भएता पनि प्रेस स्वतन्त्रता उपभोगको दृष्टिले सुखद् रहेन । राजनीतिक परिवर्तन पश्चात राज्य र गैरराज्य पक्षका व्यक्तिहरुबाट पत्रकार पीडित भएका छन् । पत्रकारले निर्वाध र स्वतन्त्ररूपमा प्रेस स्वतन्त्रताको उपभोग गर्ने वातावरण बनेन । समाचारको स्रोतसँग सम्पर्क रहेको आधारमा पत्रकारलाई पक्राउ गरी मुद्दा चलाउनुले प्रवृत्ति बढ्यो । पत्रकारमाथि घटेका यी घटनाले सरकार प्रेसप्रति कति उदार छ भन्ने स्पष्ट पारेको छ ।

यसबीचमा राज्यका तीनै तहको सरकारबाट कानुन बनाउने काम भएसँगै प्रेस स्वतन्त्रतालई संकुचन पर्ने कानून बन्ने शंका बढेको छ । कतिपय प्रदेश सरकारले बनाएका मिडिया सम्बन्धी कानूनहरु प्रेस स्वतन्त्रतालाई संकुचन गर्नेगरी बनेका कारण महासंघले दिएको सुझाए पश्चात संशोधनका क्रममा रहेका छन् । महासंघ राज्यका तीनै तहबाट बन्ने कानूनहरु मिडियामैत्री बनाउन माग गर्दछ ।

साथै, महासंघ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि हुने यस्ता सबैखाले घटनाको कडा शब्दमा भर्त्सना गर्दै घटनामा संलग्नहरुमाथि कानुनी कारबाही गरी पत्रकारलाई निर्वाध र स्वतन्त्रतापूर्वक काम गर्ने वातावरण बनाउन र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न सम्बन्धित निकायसँग माग गर्दछ ।

| **क्र.स** | **घटना प्रकृति** | **संख्या** | **पीडित महिला** | **पीडित पुरुष** | **पीडक** | | | **संस्था** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | राज्य पक्षबाट | गैर राज्य पक्षबाट | राजनितिक दल /कार्यकर्ता | |

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | पत्रकार हत्या | १ | | १ | | १ | | |
| २ | आक्रमण | १५ | १ | १६ | ३ | १८ | २ | १ |
| ३ | दुर्व्यवहार | ११ | २ | १८ | ७ | ५ | | |
| ४ | धम्की | १० | १ | ९ | १ | ८ | १ | |
| ५ | पेशाबाट विस्थापन | १ | | १ | १ | | | |
| ६ | समाचार संकलनमा अवरोध | १ | | ३ | | | १ | |
| ७ | पेशागत असुरक्षा (जागिरबाट निष्काशन) | १ | १ | २ | १ | | | |
| ८ | पक्राउ ( अल्पकालिन नियन्त्रण) | ३ | | १९ | ३ | | | |
| ९ | पक्राउ ( हिरासतमा राखिएको) | ७ | | ७ | ७ | | | |
| | **कुल घटना** | **५०** | **५** | **७६** | | | | **१** |

*स्रोत : नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन ईकाई*


**फोन नं** :००९७-१-४-११२७६३, ४-११२६७३, **फ्याक्स** : ४-११२७८५, **इमेल** : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org